विराटनगर महानगरपालिका

बैठक संख्याः १०२
मितिः २०७८/०९/२८

बैठक प्रारम्भः बिहान ८:०० बजे
बैठक स्थगनः बिहान १०:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०९/२८ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | उप-प्रमुखज्यूको स्वास्थ्य लाभको कामना सम्बन्धमा। | यस नगर कार्यपालिकाका उप-प्रमुख श्री इन्दिरा कार्कीको अचानक स्वास्थ्यमा समस्या आई मेडिसिटी अस्पताल, ललितपुरमा उपचाररत रहनुभएकोले वहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो। |
| २ | पूर्व निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मङ्सिर महिनामा बसेको बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समिक्षा गरियो। |
| ३ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को अन्तिम नतिजा अनुमोदन गर्ने सम्बन्धमा। | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व.२०७७/०७८ मा गरेको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा स्वमूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको प्रारम्भिक एकिकृत नतिजा उपर बैठकमा छलफल र विश्लेषण गरेर सम्बन्धित विषयक्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरी स्वमूल्याङ्कनको अन्तिम नतिजामा प्राप्त कुल ७६.५० अङ्क सर्वसम्मतिले अनुमोदन गरियो। |
| ४ | आ.व.२०७९/०८० को बजेट प्रक्षेपण सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को लागि राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस अनुसार बजेट शिर्षक सहितको अनुसूची-१ मा संलग्न बमोजिमको आय-व्ययको प्रक्षेपण सर्वसम्मतिले स्वीकृत गरियो। |
| ५ | बलभद्र राजमार्ग/कोशी राजमार्गको सडक मापदण्ड सम्बन्धमा। | विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेको बलभद्र राजमार्ग/कोशी राजमार्ग (रानी-धरान-धनकुटा सडक) को रानी सिकियाहीदेखि विराटनगर महानगरपालिकाको पहडगछ ढाटसम्मको लागि पक्की घर, भवन, आदि संरचना निर्माण गर्नको लागि उक्त राजमार्गको केन्द्रबिन्दुदेखि दायाँ-बायाँ १५/१५ मिटर (नापी नक्सामा सोभन्दा बढि भएमा सोही बमोजिम) र सोमा थप न्यूनतम २ मिटर एवम् बस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ बमोजिम हुनेगरी मिति २०४८/०४/१३ को नेपाल राजपत्र र सम्मानित साविक पुनरावेदन अदालत, विराटनगरको फैसलाको आधारमा पूर्वाधार विकास समितिको सिफारिस बमोजिम घर, भवन लगायतका भौतिक संरचना निर्माणको इजाजत दिने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ६ | योजना संसोधन सम्बन्धमा। | नगरसभाको आठौं अधिवेशनबाट पारित आ.व.२०७८/०७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम बमोजिम रहेका अनुसूची-२ बमोजिमका आयोजनाहरू सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार हाल कार्यान्वयन गर्न आवश्यक नदेखिएकोले आगामी नगरसभाबाट अनुमोदन हुनेगरी संसोधन/रकमान्तर गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | आधारभूत तहको परीक्षा समिति गठन सम्बन्धमा। | स्थानीय तहबाट सञ्चालन हुने परीक्षालाई मर्यादित र विश्वसनीय बनाउनको लागि आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ को दफा ३ मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिकाको आधरभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको परीक्षा समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(क) शैक्षिक प्रशासन महाशाखा प्रमुख - संयोजक<br>(ख) श्री अशोक कालाखेती, पाठ्यक्रम विज्ञ, (पूर्व उपसचिव-शिक्षा सेवा) - सदस्य<br>(ग) श्री मिनु अधिकारी, प्रधानाध्यापक, विराट बहिरा माध्यामिक विद्यालय - सदस्य<br>(घ) श्री जीवन कोइराला, प्रधानाध्यापक, अरुणोदय आधारभूत विद्यालय - सदस्य<br>(ङ) प्याब्सन अध्यक्ष, नगर समिति - सदस्य<br>(च) एन-प्याब्सन अध्यक्ष, नगर समिति - सदस्य<br>(छ) परीक्षा हेर्ने शाखाको शाखा अधिकृत - सदस्य सचिव |
| ८ | विविध। | (क) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्न एवम् जाँचपास गरी फरफारकको लागि सिफारिस गर्न गठित योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकमा उप-प्रमुखज्यू रहनुभएकोमा हाल वहाँ स्वास्थ्य उपचाररत रहनुभएकोले योजना/कार्यक्रमहरूको जाँचपास, फरफारक तथा रकम भुक्तानी हुन नसकी कार्यान्वयनमा समस्या भइरहेको हुँदा उप-प्रमुखज्यूको स्वास्थ्यमा सुधार आई कार्यालयमा उपस्थित नहुन्जेलसम्मको लागि उक्त समितिको कार्यवाहक संयोजकको जिम्मेवारी श्री उद्धव अर्याल, वडाध्यक्ष, वडा नं.१ लाई दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिनिधित्व गर्दै भारतको अहमदावादमा आयोजना भएको अल इण्डिया टेनिस च्याम्पियनसिपमा भाग लिई विजेता समेत हुनुभएकी विराटनगर महानगरपालिका वडा नं.११ निवासी लन टेनिस खेलाडी श्री प्रेरणा कोइरालालाई प्रोत्साहन तथा सम्मान स्वरुप रु.२,००,०००।० (दुई लाख) सहयोग रकम प्रदान गर्ने मिति २०७८/०९/१२ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(ग) नगरसभाको आठौं अधिवेशनको निर्णय र मिति २०७८/०८/१३ मा बसेको कार्यपालिकाको बैठकको निर्णयानुसार आ.व.२०७७/०७८ बाट चालु आ.व.२०७८/०७९ मा दायित्व सरी आएका आयोजनाहरूको कार्य सम्पन्न गर्ने अवधि २०७८ पुस मसान्तसम्म कायम गरिएकोमा चाडबाड र बर्षा तथा बाढी डुबानका कारण तोकिएको समयसीमाभित्र कार्य सम्पन्न गर्न नसकिने भएकोले उक्त आयोजनाहरूको कार्य सम्पन्न अवधि २०७८ माघ मसान्तसम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(घ) नगरसभाको आठौं अधिवेशनबाट पारित आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क बाडफाँट र आन्तरिक स्रोततर्फ हालसम्म लक्ष्य अनुरुपको अनुमानित आय प्राप्त नभएकोले सोका आधारमा वार्षिक प्रक्षेपण गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न स्रोतको सुनिश्चितता नहुने भएकोले उक्त बजेट स्रोतमा परेका कार्यक्रम/आयोजनाहरूको प्राथमिकतापूर्ण कार्यान्वयनका लागि कार्यपालिकाका विषयगत समितिहरूले सम्बन्धित क्षेत्रगत कार्यक्रमहरूको प्राथमिकीरण गरेर **P1** र **P2** छुट्याई **P1** मा स्रोतको सुनिश्चितता हुनेगरी एवम् हालसम्म स्वीकृत तथा सम्झौता भएका आयोजनाहरू **P1** मा समावेश गरी २०७८ माघ मसान्तभित्र पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) कार्यपालिकाको मिति २०७८/०८/१३ मा बसेको १००औं बैठकबाट विराटनगर महानगरपालिका वडा नं.९, गुद्री स्थित महानगरपालिकाको स्वामित्वमा रहेको ए-प्लट जग्गामा प्रदेश नं.१, प्रदेश लगानी प्राधिकरणको समन्वय र सहजीकरणमा निजी क्षेत्रका लगानीकर्ताहरूबाट सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार स्मार्ट पार्किङ निर्माण गर्ने निर्णय भएकोमा उक्त जग्गाको दक्षिणतर्फ महानगरपालिकाको स्वामित्वमा रहेको बी-प्लट जग्गामा कफि सप सहितको पार्क सञ्चालन गर्ने कार्यलाई समेत यसै परियोजना अन्तर्गत राखी प्रदेश लगानी प्राधिकरण, प्रदेश नं.१ मार्फत सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार परियोजना सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(च) नगर कार्यपालिकाको मिति २०७८/०३/३० मा बसेको ९७औं बैठकबाट ल्याण्ड पुलिङ **(Land Pooling)** सम्बन्धी पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत भएको र प्राथमिकताको आधारमा पहिलो चरणमा **Site 2** विराटनगर महानगरपालिका वडा नं. ५ र ६, ४३२ हेक्टर जग्गामा ल्याण्ड पुलिङ गर्न विस्तृत परियोजना प्रतिवेदन **(DPR)** लगायत अन्य आवश्यक कार्यको खरिद प्रक्रिया अगाडि बढाउन नगर विकास कोषसँग आर्थिक सहयोगका लागि अनुरोध गर्ने निर्णय भएकोमा अब उक्त परियोजना सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप प्रदेश लगानी प्राधिकरण, प्रदेश नं.१ मार्फत **Land Pooling** तथा **Land Development** गरी आधुनिक सहर निर्माण परियोजना सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(छ) प्रदेश नं. १ को राजधानी तथा प्रदेशको एक मात्र महानगर विराटनगर महानगरपालिकामा प्रादेशिक सभाहल निर्माणका लागि नगर कार्यपालिकाको मिति २०७८/०६/२२ मा बसेको ९९औं बैठकबाट विराटनगर महानगरपालिका वडा नं.१९ स्थित महानगरपालिकाको संरक्षणमा रहेको झापा वैजनाथपुर ८, नक्सा सिट नं. १७८-०६२५, कि.नं. १७५, १७९, २८७, २८८, २८९, २९० को जम्मा क्षेत्रफल १-०-१५ (विघा) जग्गा उपयोग गर्ने र बाँकि अपुग जग्गा निःशुल्क प्राप्ति गर्न आवश्यक पहल गर्ने एवं निःशुल्क प्राप्त हुन नसकेको जग्गाका लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय भएकोमा निरन्तर प्रयास गर्दा पनि प्रस्तावित जग्गाबाट निःशुल्क रुपमा जग्गा प्राप्त हुन नसकेकोले विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा वडा नं.१९ सभाहल जग्गा खरिद शिर्षकमा रु.५(पाँच) करोड बजेट विनियोजन समेत गरिएको हुँदा जग्गा प्राप्ति ऐन, २०३४ (संसोधित) को दफा ३(क) बमोजिम मुआब्जा र अन्य खर्च महानगरपालिकाले व्यहोर्नेगरी अनुसूची-३ मा संलग्न बमोजिमको ४-५-० (विघा) जग्गा महानगरपालिकाको नाममा प्राप्त गर्न स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ज) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरूले कर्मचारी कल्याण कोषबाट ऋण सापटी माग गरेकोमा निजहरूलाई निम्नानुसार ऋण सापटी उपलब्ध गराउने र उपलब्ध भएकोमा अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१)राम बराल - रु.५,००,०००।०

(२)अनिल सिंह - रु.४,००,०००।०

(३)पवन कुमार रेग्मी - रु.१,००,०००।०

(४)महेश कुमार डोम - रु.१,००,०००।०

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

## अनुसूची-१

## विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को आय-व्यय प्रक्षेपण:-

**आय:**

| सि.न | राजश्व न. | आन्तरिक राजश्व | आ.व.२०७७/०७८ यथार्थ | आ.व.२०७८/०७९ अनुमानित | आ.व.२०७९/०८० अनुमानित |
|---|---|---|---|---|---|
| १ | १.१ | एकीकृत सम्पति कर | १३५५१८८६५ | ३५९१०४८६५ | ४१२९७०५९४।८ |
| | १.२ | घरजग्गा बहाल कर | ७८४३४४२७ | २४५०००००० | २८१७५०००० |
| | १.३ | व्यवसाय कर | ५०६१२६७८ | १५०००००० | १७२५००००० |
| | १.४ | बहाल बिटौरी शुल्क | ३३८६५० | २५००००० | २८७५००० |
| | १.५ | पाकिङ शुल्क | ४२३५००० | १०००००००० | ११५००००० |
| | १.६ | जडिबुटी, कवाडी र जिवजन्तु | २७१८९७५ | २९९०८७२।५ | ३४३९५०३।३७५ |
| | १.७ | सेवा शुल्क | ३११३२२०६ | १३०५२०१९१ | १३३४२८५०० |
| | १.८ | अन्य दस्तूर | ७०११७३१३ | | ० |
| | १.९ | अन्य | ३२६८५५०० | ३००००० | ३४५००० |
| | १.१० | लागत सहभागिता | ४७१२०७१५ | ९८६१९९९६ | १०८४८१९९६ |
| | | जम्मा | ४५२९१४३२९ | ९९९०३५९२४।५ | ११२७२९०५९४ |
| २ | राजश्व बाडफाँड | | | | |
| | २.१ | मुल्य अभिवृद्धि कर तथा अन्त: शुल्क | १७७०७०७४४ | १७४७८३००० | २१५०००००० |
| | २.२ | प्राकृतिकस्रोतको रायल्टी | ० | ० | ० |
| | २.२.१ | पर्वतारोहण | ० | ० | ० |
| | २.२.२ | विद्युत | ० | ० | ० |
| | २.२.३ | वन | ० | ० | ० |
| | २.२.४ | खानी तथा खनिज | ० | ० | ० |
| | २.२.५ | पानि तथा अन्य प्राकृतिक श्रोत | ० | ० | ० |
| | २.२.६ | घर जग्गा रजिस्टेशन दस्तुर | ३५४७२३८२२ | १०१७२१६७९० | १०००००००००० |
| | २.२.७ | प्रदेश सरकार सवारी साधन कर | ४३१५७०१७ | ४०००००००० | ५०००००००० |
| | | जम्मा | ५७४९५१५८३ | १२३१९९९७९० | १२६५०००००० |
| ३ | वित्तीय हस्तान्तरण | | | | |
| | ३.१ | नेपाल सरकारवाट प्राप्त हुने अनुदान | | | |
| | ३.१.१ | वित्तीय समानीकरण अनुदान | ३६९७००००० | ४०४६००००० | ४५०००००००० |
| | ३.१.२ | सशर्त अनुदान | ६७१५१२००० | ६८६९००००० | ७५५५९०००० |
| | ३.१.३ | समपुरक अनुदान | ० | १०३८००००० | ५०००००००० |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.१.४ | विशेष अनुदान | | ० | १०००००००० |
| | ३.१.५ | अन्य अनुदान | ५०००००० | | ० |
| | | जम्मा | | ११९५३०००००० | १३५५५९००००० |
| | ३.२ | प्रदेश सरकारवाट प्राप्त हुने अनुदान | ० | ० | ० |
| | ३.२.१ | वित्तीय समानीकरण अनुदान | ११०६८००० | २६११९७००० | २९०००००० |
| | ३.२.२ | सशर्त अनुदान ( अपाङगता रोकथाम) | १०५५५००० | ११४६८८०७ | १२६१५६८८ |
| | ३.२.३ | समपुरक अनुदान | ३०००००००० | १०००००००० | ३०००००००० |
| | ३.२.४ | विशेष अनुदान | ० | ० | ० |
| | ३.२.५ | अन्य | | | ० |
| | | जम्मा | | ४७६६५८०७ | ७१६१५६८८ |
| | | | | | |
| | ४. | वित्तीय व्यवस्था (प्राप्ति) | ० | ० | ० |
| | ५. | अन्तर स्थानीय तह साझेदारी | ० | ० | ० |
| | ६. | अन्य अनुदान/ऋण | ० | ७५९७०८५०० | ५७४९२०००० |
| | ७. | अन्य संघ संस्था | ५२०८०२४ | ५७३०३०३ | ४४००००० |
| | ८. | मौज्दत | ४७१२०७१५ | २५०३५११७५ | २०२९५२१०० |
| | ९. | RUDP/ADB पुजिगत | | ११८३०८५०० | |
| | | कुल जम्मा | ११५०१६३७३९ | ४६०८१००००० | ४६०१७६८३८२ |

व्ययः

| | | चालु | आ.व.२०७७/०७८ यथार्थ | आ.व.२०७८/०७९ अनुमानित | आ.व.२०७९/०८० अनुमानित |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | १.१ | पारिश्रमिक/सुविधा | ६६७६०९८७३ | ७३४३७०८६०।३ | ८०७८०७९४६।३ |
| | १.२ | मालसमान तथा सेवाको उपयोग (तालिम समेत) | २२०५२०४९५ | २४२५७२५४४।५ | २६६८२९७९९ |
| | १.३ | व्याज र सेवा खर्च | २३४९३३८ | २५८४२७१।८ | २८४२६९८।९८ |
| | १.४ | अनुदान | १८५४४४४८ | २०३९८८९२।८ | २२४३८७८२१०८ |
| | १.५ | सामाजिक सुरक्षा | ८४२९१६५ | ९२७२०८१।५ | १०१९९२८९।६५ |
| | १.६ | अन्य खर्च | १४०७६९१४४ | १५४८४६०५८।४ | १७०३३०६६४।२ |
| | | चालु जम्मा | १०५८२२२४६३ | ११६४०४४७०९ | १२८०४४९१८० |
| २ | | पुजीगत | ० | ० | ० |
| | २.१ | जग्गा | ० | १७०००००००० | १८७०००००० |
| | २.२ | भवन | ५८९०४१७ | ३९२०००००० | ४३१२००००० |
| | २.२.१ | फर्निचर | ५१५३००५ | ६०००००० | ६६००००० |
| | २.२.२ | सवारी साधन | ७८१४४९३ | १०००००० | ११००००० |
| | २.२.३ | मेशिनरी औजार | १४५१४८२८ | ६५००००० | ७१५०००० |
| | २.२.४ | सार्वजनिक निर्माण | ४६५८८९७९३ | १२४५८१०८५६ | ११०३२५०३२३ |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | २.२.५ | पूजीगत अनुसन्धान तथा परामर्श | २१६३९७५ | २००००००० | २२०००००० |
| | २.२.६ | अन्य | ४०८५५५६९७ | १५५२७४४४३५ | १५०८०१८८७९ |
| ३ | | **वित्तीय व्यवस्था ( भूक्तानी)** | | ० | ० |
| | | **जम्मा** | ९०९९८२२०८ | ३३९४०५५२९१ | ३२६६३१९२०२ |
| ४ | | बजेट बचत (+) न्युन (-) | | ० | ० |
| ५ | | ऋण (अनुदान) | | ५००००००० | ५५०००००० |
| | ५.१ | आन्तरीक | | ० | ० |
| | ५.२ | वाह्य | | ० | ० |
| ६ | | गत वर्षको मौज्दात | २९१७८८३७० | ० | ० |
| | | **कुल जम्मा** | २२५९९९३०४१ | ४६०८१००००० | ४६०१७६८३८२ |
| . | नोट: राजश्व र खर्च शीर्षक नेपाल सरकारको खर्च वर्गीकरण तथा व्याख्या बमोजिम उल्लेख गर्नु पर्नेछ । | | | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

# अनुसूची-२

| सि.नं. | योजना/कार्यक्रमको नाम/शिर्षक | वडा नं. | बजेट किताब पाना नं./क.सं. | विनियोजित रकम (रु.) | संसोधित योजना/कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | वरुवाल कोलोनी | २ | १८२/२० | १५००००० | शङ्करपुर सोमबारे मार्गको दुबै साइडमा टायल लगाउने कार्य |
| २ | कवर्ड हल निर्माण | २ | १८२/२४ | १०००००० | हनुमान मन्दिर सडकमा सौन्दर्यकरण |
| ३ | गुणराज खनालको घर जाने बाटो नाला निर्माण | ३ | १२१/७५ | ५७५००० | संगम मार्ग नाला तथा बाटो ग्राभेल |
| ४ | काठको पुलमा पक्की नाला | ५ | १८४/५४ | १५००००० | हरिहर मन्दिर निर्माणः- रु.५,००,०००।<br>बजरङ्बली मन्दिर कोचाखाल घेराबाराः- रु.५,००,०००।०<br>वडाका सडक स्तरोन्नति (खाल्डाखुल्डी पुर्ने) तथा नाला निर्माणः- रु.५,००,०००।० |
| ५ | देवेन्दर भण्डारीको घरदेखि वडा नं.५ र ६ को सिमाना मनोरम मार्ग नाला तथा टायल्स | ६ | १८४/६१ | १०००००० | विजयपथ बाटो तथा नाला |
| ६ | वडामा खेलकुद सामग्री खरिदको लागि | ७ | १३७/२४३ | २००००० | मोतीराम क्लबलाई 'ए डिभिजन लिग खेल्नको लागि व्यवस्थापन खर्चः- रु.५,००,०००।० |
| ७ | जेष्ठ नागरिकहरूको सम्मान कार्यक्रमको लागि | ७ | १३७/२४१ | २००००० | |
| ८ | वडाको स्वास्थ्य कार्यक्रमको लागि | ७ | १३८/२४६ | १००००० | |
| ९ | नारायण तिवारीको घरदेखि हाटखोला चोकसम्म नाला, स्लाव र कलभर्ट निर्माणको लागि | ७ | १८४/६२ | ५८००००० | हाटखोला चोकदेखि स्मशान घाट जाने बाटोमा दुबैतर्फ नाला निर्माण |
| १० | तीनटोलिया सेवा समाज समितिको नाममा रहेको जग्गामा कम्पाउण्ड वाल गेट समेत | १० | १४२/३२४ | ९२०००० (जनसहभागिता बाहेक) | ईन्जिनीयरिङ मार्ग (१४२/३३४) मा रु.३,५०,००० थप<br>भट्ट गल्ली (१४२/३३५) मा रु.२,००,००० थप<br>सरस्वती बोर्डिङदेखि गुणराज मार्गमा ड्रेन र ग्राभेल (१४२/३२८) मा रु.१,७०,००० थप<br>प्रकाश सुवेदी गल्ली (१४२/३४३) मा रु.२,००,००० थप |
| ११ | पञ्चमुखी मार्ग ड्रेन र आर.सी.सी. | १० | १८५/८३ | ८८०००० (जनसहभागिता बाहेक) | पुरुषोत्तम निरौला गल्लीमा ढलाईः- रु.३,३०,०००<br>गणेश मार्गमा इन्टरलक र रिटेनिङ वाल रु.५,५०,००० |

बिराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | मिनी प्रभात मार्ग ग्राभेल र ड्रेन | १० | १४२/३२७ | ५००००० (जनसहभागिता बाहेक) | १) चर्च दक्षिण पूर्वको बाटोमा ढलाईः- रु.४,००,०००<br>२) चर्च दक्षिण पश्चिम बाटोमा ढलाईः- रु.५,००,००० |
| १३ | सञ्जय सुवेदीको गल्ली रिटेनिङ वाल, आरसिसि ढलाई | १० | १४२/३२३ | २००००० (जनसहभागिता बाहेक) | |
| १४ | वडाका सडक मर्मत | १० | १४२/३३१ | ५००००० | |
| १५ | निशान मार्ग आर.सि.सि. | १० | १८५/८४ | ८८०००० (जनसहभागिता बाहेक) | लक्ष्मण थापा र राज कुमार बरालको घरको बाटोः- रु.६,००,०००<br>नारायण आधारभूत विद्यालयः- रु.२,८०,००० |
| १६ | मिनि विसहरा ३ वटा गल्लीमा पि.सि.सि. बाट रु.१००००० | १० | १४१/३१४ | ५७५००० | टेटन यादवको घरको बाटो पिचः- रु.७,३०,००० |
| १७ | बंगलामुखी मार्ग गल्ली (क) उत्तरपट्टि नाला स्लाब र ग्राभेल बाट रु.२००००० | १० | १४१/३१६ | ९२०००० | |
| १८ | पाथीभरा मार्ग बाट रु.२५०००० | १० | १४२/३३२ | ११६८४०० | |
| १९ | तीनटोलिया सेवा समाज समितिको नाममा रहेको जग्गामा कम्पाउण्ड वाल गेट समेत बाट रु.१५०००० | १० | १४२/३२४ | १२६५००० | |
| २० | जेष्ठ नागरिक भवन निर्माण (अनुसूची-'ग, संघसंस्थागत चालु योजना) | ११ | १२५/१३२ | २०००००० | जेष्ठ नागरिक भवन निर्माण, वडा नं.११ (अपुग रकम जनसहभागिताबाट लगानी हुनेगरी) |
| २१ | योग मार्ग पिच मर्मत दुर्गा मन्दिर टोल | ११ | १६१/१८९ | ५००००० | |
| २२ | कार्यालय निर्माण तथा मर्मत | ११ | १६२/२०३ | १०००००० | |
| २३ | छिमेकी मार्ग उत्तर दक्षिण सडक निर्माण | ११/१२ | १६१/१९३ | ३०००००० | बुद्ध बिहार मार्ग, वडा नं.११ देवी पन्थीको घरबाट पूर्व नयाँ गुद्री जाने सडक स्तरोन्नति |
| २४ | हाल वडा कार्यालय रहेको जग्गामा थप जग्गा खरिद गर्ने | १४ | १८७/११२ | १२००००० | १४ नं. वडा कार्यालय भवन निर्माण (थप) |
| २५ | मैनाली चोक दक्षिणको बाटोमा अधुरो पक्की नाला तथा पिच निर्माण | १४ | १८७/११३ | ८००००० | रामजानकी मन्दिर परिसरभित्र निर्माण कार्य |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | सिक्सलेनदेखि पूर्व (मर्मत कोष) | १४ | १७७/३४४ | ११२६२३२ | स्थानीयबासीको निवेदन अनुसार निर्माण कार्य रोक्का भएको र हाल सो कार्य सञ्चालन हुन नसकिने अवस्था भएको हुँदा उक्त शिर्षकको विनियोजित रकमबाट कुलानन्द यादवको घरदेखि पश्चिम दक्षिण बाटो ग्राभेलको कार्य गर्ने। |
| २७ | सानातिना मर्मत तथा आकस्मिक कार्य | १५ | १४७/४३८ | ८०५००० | वडा नं.१५ का सडक दायाँबायाँमा वृक्षारोपण कार्यको लागि:- रु.३,००,००० |
| २८ | केमिकल मार्गमा पक्की नाला निर्माण | १६ | १८८/१२३ | ५०००००० | अधुरो १६ नं. वडा कार्यालय भवन निर्माण |
| २९ | लक्ष्मी मन्दिरदेखि पश्चिम आनन्द मन्दिरसम्म पिच | १८ | १६५/२७४ | १०००००० | १८ नं. वडा कार्यालयको निर्माणाधीन भवन (थप) |
| ३० | सुगनलाल साहको घरदेखि मुसहरी बस्तीसम्म सडक निर्माण | १८ | १६६/२७७ | २०००००० | |
| ३१ | जनता आधारभूत विद्यालय खोक्साहाको जग्गा खरिद | १८ | १८८/१३४ | १६००००० | जनक आधारभूत विद्यालय, झटियाहीको अधुरो निर्माणाधीन भवन |
| ३२ | शान्ति प्रवर्द्धन मेलमिलाप कार्यालय, फडानी मर्मत तथा निर्माण | १८ | १८८/१३६ | ३००००० | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची-३

प्रादेशिक सभाहल निर्माणको लागि विराटनगर महानगरपालिका, वडा नं. १९, वैजनाथपुर स्थित प्राप्त/खरिद गर्ने जग्गाको विवरणः-

| क्र.सं. | नक्सा सि.नं. | कित्ता नं. | जग्गाको जम्मा क्षेत्रफल (बिघा) | प्राप्त गर्नुपर्ने जग्गाको क्षेत्रफल (बिघा) | वडा नं. (झापा वैजनाथपर) |
|---|---|---|---|---|---|
| १ | १७८-०६२६ | २३ | ०-५-१६ | ०-०-१० | वडा नं. ८ |
| २ | १७८-०६२६ | ८ | ०-१८-१२ | ०-१-१८ | वडा नं. ९ |
| ३ | १७८-०६२६ | ३६ | ०-१९-४ | ०-४-१४ | वडा नं. ८ |
| ४ | १७८-०६२६ | १७९ | ०-७-० | ०-१-५ | वडा नं. ८. |
| ५ | १७८-०६२६ | २२९ | ०-६-० | ०-४-१२ | वडा नं. ८ |
| ६ | १७८-०६२६ | ११५ | ०-९-० | ०-४-१० | वडा नं. ८ |
| ७ | १७८-०६२६ | ११६ | ०-१०-४ | ०-४-१८ | वडा नं. ८ |
| ८ | १७८-०६२६ | ३९ . | ०-१७-१७ | ०-४-१२ | वडा नं. ८ |
| ९ | १७८-०६२५ | २५ | ०-१८-१२-१/४ | ०-४-० | वडा नं. ८ |
| १० | १७८-०६२५ | ३ | १-९-९ | ०-१०-१९ | वडा नं. ९ |
| ११ | १७८-०६२५ | १६३ | ०-१-७- | ०-१-७- | वडा नं. ८ |
| १२ | १७८-०६२५ | १६४ | ०-४-९ | ०-४-९ | वडा नं. ८ |
| १३ | १७८-०६२५ | १६५ | ०-१-१२ | ०-१-१२ | वडा नं. ८ |
| १४ | १७८-०६२५ | १६६ | ०-३-१२ | ०-३-१२ | वडा नं. ८ |
| १५ | १७८-०६२५ | १२४/१५० | ०-१-१८ | ०-१-१८ | वडा नं. ८ |
| १६ | १७८-०६२५ | ३२५ | ०-०-१८ | ०-०-१८ | वडा नं. ८ |
| १७ | १७८-०६२५ | १४९ | ०-०-१८ | ०-०-१८ | वडा नं. ८ |
| १८ | १७८-०६२५ | ४६६ | ०-०-७-१/४ | ०-०-७-१/४ | वडा नं. ८ |
| १९ | १७८-०६२५ | ४६७ | ०-१-८ | ०-१-८ | वडा नं. ८ |
| २० | १७८-०६२५ | ४६८ | ०-०-९ | ०-०-९ | वडा नं. ८ |
| २१ | १७८-०६२५ | २८६ | ०-१-१५ | ०-१-१५ | वडा नं. ८ |
| २२ | १७८-०६२५ | १४३ | ०-२-१७ | ०-२-१७ | वडा नं. ८ |
| २३ | १७८-०६२५ | १७३/१७६ | ०-१-१५-१/४ | ०-१-१५-१/४ | वडा नं. ८ |
| २४ | १७८-०६२५ | १४५ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २५ | १७८-०६२५ | १४६ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २६ | १७८-०६२६ | २०१ | ०-२-० | ०-२-० | वडा नं. ८ |
| २७ | १७८-०६२६ | २०२ | ०-०-१७ | ०-०-१७ | वडा नं. ८ |
| २८ | १७८-०६२६ | २०३ | ०-६-११ | ०-६-११ | वडा नं. ८ |
| २९ | १७८-०६२५ | १७४ | ०-३-९ | ०-३-९ | वडा नं. ८ |
| ३० | १७८-०६२५ | १८८ | ०-२-१० | ०-२-१० | वडा नं. ९ |
| | जम्मा | | | ४-५-० | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल